# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.सं : २०८१/०८२
च.नं : 2963

मिति :- २०८२/२/२७

विषय :- निर्णय कार्यान्वयन एवं जानकारीको लागि पठाईएको समबन्धमा ।

श्री शितगंगा नगरपालिका

१ देखि १४ वडा कार्यालय, विभिन्न स्थान, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा शितगंगा नगरपालिकाको नगरकार्यपालिकाको मिति २०८२/२/२५ मा बसेको बैठकले गरेका निर्णयहरू यसै साथ संलग्न राखी आवश्यक कार्यान्वयन एवं जानकारीको लागि पठाईएको ब्यहोरा अनुरोध छ ।

**बोधार्थ/कार्यार्थ :**

श्री नगरपालिकाका सवै शाखा शिनपा :- शाखासँग सम्बन्धित निर्णय कार्यान्वयनको लागि ।

श्री सूचना तथा प्रविधि र प्रशासन शाखा शिनपा :- शाखासँग सम्बन्धित निर्णय कार्यान्वयन र नगरपालिकाको Website मा राख्नु हुन ।

(मदन बहादुर जि.सी. )
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८२/२/२५ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. नदीजन्य पदार्थ ठेक्का सम्झौता बापत जम्मा गरेको रकम फिर्ता गर्ने सम्बन्धमा ।
२. आ.व. २०८२/०८३ को मार्गदर्शन, तथा बजेट शिलिङ्ग सम्बन्धमा ।
३. नगरसभाको अधिवेशन आब्हान सम्बन्धमा ।
४. शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजनमा भएको खर्च व्यवस्थापन सम्बन्धमा ।
५. कृषि योग्य जमिन कम्पनीको नाममा रजिष्ट्रेसन लिखत पास गर्न शुल्क छुट सिफारिस गर्ने सम्बन्धमा ।
६. मेयर उपमेयर कपको नगुग रकम सम्बन्धमा ।
७. विपद अर्न्तगत विद्यालय मर्मत सम्बन्धमा ।
८. योजना सम्झौता सम्बन्धमा ।
९. अनुगमन प्रतिवेदन सम्बन्धमा ।
१०. भुन्टेडाँडा खानी संचालनबाट उत्खनन् भएको निर्माणमुखी पदार्थ एकिन सम्बन्धमा ।
११. भुन्टेडाँडा केसरमा रहेको निर्माणमुखी पदार्थ विकी गर्न अनुमती माग सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.मा यस नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विभिन्न खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विकी निकासी गर्ने कार्यको लागि कुनै खोला प्राथमिकता प्राप्त आयोजनालाई दिईएको र कुनै खोलाहरुको ठेक्का व्यवस्थापनको लागि सूचना प्रकाशन भई सम्झौता गरी सामान्य उत्खनन् कार्य गरेको, कुनै खोलाको केही रकम जम्मा गरी सम्झौताको कममा रहेकोमा सुरु अवस्था देखि नै शिवराज नगरपालिका, गौतमबुद्ध डिभिजन वन कार्यालय चन्द्रौटा, शिवराज साझेदारी वन उपभोक्ता समितिले नदिजन्य पदार्थ निकासीमा बाटो अवरोध गरी निकासी गर्न नदिएको साथै डिभिजन बन कार्यालय सन्धिखर्कले बन क्षेत्रका खोलाबाट उत्खनन् गर्ने कार्य नगर्न भनि लिखित रुपमा पत्र मार्फत असहमती जनाई कार्य गर्न नसकिने वातावरणको श्रृजना गरेकोले उक्त समस्या समाधानको लागि पटक पटक शिवराज नगरपालिका, जिल्ला समन्वय समिति कपिलवस्तु लगायत विभिन्न स्थानमा चरण चरणमा दुवै जिल्लाका अनुगमन समिति स्तरमा, दुवै जिल्लाका प्रदेश माननीय स्तरमा छलफल गर्दा समेत समस्या समाधान हुन नसकेको र सो विषयमा माननीय मुख्यमन्त्री लगायत मन्त्रालयमा मौखिक तथा लिखित जानकारी गराउदा समेत निकास निस्किन नसकेकोले तपशिल बमोजिमका खोलाहरुको कार्य गर्न रकम जम्मा गरी सम्झौता समेत गरेका र रसिद लगेकाहरुको हकमा रसिद फिर्ता मागी काटेको रसिदको हिसाव गरी सो रकम घटाई बाँकी रकम सम्बन्धित व्यवसायीलाई फिर्ता दिने साथै रकम जम्मा गरी सम्झौता हुन नसकेकाहरुको समेत रकम फिर्ता दिने निर्णय गरियो ।

**तपशिल**

(क) सुकवेल, वहवेल गन्धैला खोला शि.न.पा. ११

(ख) गुड्रुङ्ग खोला शि.न.पा. ११

(ग) चोर खोला शि.न.पा. ११

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २**

प्रस्ताव नं. २ का सन्दर्भमा आजको बैठकमा छलफल भयो उक्त प्रस्तावका सन्दर्भमा अर्को बैठकमा थप छलफल गर्ने गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको १७ औं नगर सभाको अधिवेशन यही मिति २०८२ साल आषाढ ५ गते गर्ने र नगरसभा गर्ने सन्दर्भमा तपशिल बमोजिमको कार्यतालिका बनाई काम गर्ने निर्णय गरियो । नगरसभाको लागि सभामा पेश गर्ने नीति तथा कार्यक्रमहरु निर्माण गर्न कार्यालयबाट नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत समेतले ड्राप्ट बनाई आगामी कार्यपालिका बैठकमा पेश गरी छलफल निर्णय गरियो ।

**तालिका**

| सि.नं. | कियाकलाप | मिति | निकाय |
|---|---|---|---|
| १ | वडा समिति बाट | २०८२/३/२ गते भित्र | सवै वडा |
| २ | विभिन्न समितिको बैठकहरु | २०८२/२/२६ देखि २०८२/२/३० भित्र | न.पा.मा |
| ३ | नीति, कार्यकम र बजेटका सन्दर्भमा राय सुझाव संकलन र तेस्रो सार्वजनिक सुनुवाई कार्यकम | २०८२/२/२८ | नगरपालिकामा |
| ४ | बजेट तर्जुमा सतिति | २०८२/३/३ भित्र | कार्यालय |
| ५ | कार्यपालिका बैठक | २०८२/३/४ गते | नियमित |
| ६ | नगरसभाको १७ औं अधिवेशन आब्हान तथा पहिलो बैठक (नीति कार्यकम ऐनहरु पेश) | २०८२/३/५ गते | सभाहल |
| ७ | नगरसभाको १७ औं अधिवेशनको दोस्रो बैठक (बजेट पेश) | २०८२/३/९ गते | सभाहल |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगत शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजनमा भएको खर्च रु १००००० राष्ट्रपति रनिङ्गशिल्ड खेलकुद कार्यकम शिर्षकमा रहेको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ का सन्दर्भमा आजको बैठकमा छलफल गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०८१/२/१३, १४ र १५ गते भएको मेयर उपमेयर किकेट तथा भलिवल खेल संचालन गर्दा सम्बन्धित शिर्षकमा रहेको रकमले नपुग भएको रकम रु १६५०००।- राष्ट्रपति रनिङ्गशिल्ड खेलकुद कार्यकम  शिर्षकमा रहेको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा हालैको हावा हुरी तथा वर्षादको कारण तपशिलका विद्यालय लगायत अन्य विभिन्न भौतिक पूर्वाधारका संरचनाहरुमा क्षति गरेकोले उक्त संरचनाहरु मर्मत गर्न चालु आ.व.को सेवा र परामर्श खर्च शिर्षकमा बिनियोजन भएको रकमबाट भुक्तानी दिने गरि रकम विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) रातामाटा आ.वि शिनपा ४ ठाडा रु ५० हजार
(ख) जनपृय आ.वि. शिनपा २ रु ३० हजार
(ग) धर्मवती आ.वि. शिनपा ७ रु १ लाख १० हजार
(घ) पाचपोखरा प्रतिक्षालय शिनपा ३ रु २५ हजार
(ङ) महाकाली आ.वि. शिनपा १ रु २५ हजार

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व.का योजना कार्यान्वनयको लागि समयावधि २०८१ चैत्र मसान्त सम्म रहेकोमा केही योजना विभिन्न कारणले सम्झौता हुन नसकेकोले आजको मितिले ५ दिन अर्थात २०८२ जेष्ठ २९ गते सम्म सम्झौता गर्ने समयावधि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा अनुगमन समितिका संयोजक एवं नगर उप प्रमुखले पेश गरेको अनुगमन प्रतिवेदन आजको बैठकमा पेश भई छलफल भयो । प्रतिवेदनमा उल्लेख भएबमोजिम अनुगमन समितिले गरेको सिफारिस बमोजिम भएको भुक्तानी कार्यलाई समर्थन गर्दै थप प्रभावकारी अनुगमनको व्यवस्था मिलाउने र अनुगमन समितिले दिएको सुझावलाई समेत आगामी दिनमा ध्यान दिई सुधार गर्नु पर्ने विषयमा सुधार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० का सन्दर्भमा आजको बैठकमा छलफल गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ का सन्दर्भमा आजको बैठकमा छलफल गरियो ।

मिति २०८२ साल जेष्ठ २६ गते विहान ७.०० बजे बैठक बस्ने गरी आजको बैठक समापन भयो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

प्रमुख प्रशासकीय अधिकृत